
जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण

**(PROACTIVE DISCLOSURE)**

तेस्रो त्रैमासिक

# आ.व. २०८१/०८२ माघ-चैत्र




प्रकाशक

नेपाल सरकार

# जिल्ला समन्वय समितिको कार्यालय,महोत्तरी

महोत्तरी, जलेश्वर
मधेश प्रदेश, नेपाल
२०७३

CamScanner

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण (PROACTIVE DISCLOSURE) तेस्रो त्रैमासिक आ.व. २०८१/०८२ माघ-चैत्र

नेपालको मधेश प्रदेशका ८ जिल्लाहरु मध्ये दक्षिण तराई भेगमा अवस्थित महोतरी जिल्लाको रुपमा राज्यले वि.स. २०१९ मा स्थापना गरेको हो |यो जिल्ला विश्वको मानचित्रमा २६ डिग्री ३६ मिनेट उतर देखि २८ डिग्री १० मिनेट उतर अक्षांस र ८५ डिग्री ४१ मिनेट पुर्व देखि ८५ डिग्री ५७ मिनेट पुर्व देशान्तरभित्र फैलिएको छ । १००२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको भौगोलिक नक्शाको आधार हेर्ने हो भने उतर दक्षिण लम्वाई वढी र पुर्व पश्चिम चौडाई कम भै आयातकर रुपमा अवस्थित छ । यस जिल्लाको औषत लम्वाई ५८ किलोमिटर (उतर-दक्षिण) र चौडाई १८ किलोमिटर (पुर्व-पश्चिम) रहेको छ |भौगोलिक धरातलीय स्वरुपको हिसावले हेर्दा उतर तर्फ पत्रेदार चुरे तथा भावर क्षेत्र १४% र दक्षिण तर्फ तराईको समथर मैदान ८६% का दुई भूभागहरु रहेका छन जुन समुद्र सतह वाट ६१ मिटर देखि ८०८ मिटर सम्मको उचाइमा फैलिएका छन् ।

मध्य तराईको मिथिला परिक्रमा भित्र पर्ने यो जिल्ला नेपालको येतिहासिक जिल्ला मध्ये एक हो । यो जिल्ला मधेश प्रदेश को सवभन्दा सानो जिल्ला हो । यसमा,१० वटा नगरपालिका र ५ वटा गाउपालिका छन |यस जिल्लाको उतरमा सिन्धुली,पुर्वमा धनुषा,पश्चिममा सर्लाही र दक्षिणमा भारतको विहार राज्य पर्छन ।

यस जिल्लाको नाम महोतरी रहनका कारण प्राचिन इतिहासलाई खोजि गर्दा नेपाल एकीकरण हुनुभन्दा अगाडि यो मिथिला प्रदेशको स्वतन्त्र राज्य थियो|महोदरी नामको एउटा वाहुनले हालको महोतरी गाउपालिकाको ५ विघा जग्गामा एउटा विशाल पोखरी निर्माण गराई आफ्नो नामबाट उक्त पोखरीको नामकरण गराएको थियो । महोदरी शाब्दिक परिवर्तन हुदै महोतरी हुन् गई पोखरी रहेको गाउपालिका र जिल्ला समेतको नामाकरण महोतरी हुन् गएको जनविश्वास छ भने केहि

बुढापाकाको भनाइ अनुसार जलेश्वरको महा उतरी भेगमा एक गाउ रहेको र त्यसलाई महाउतरी भन्दाभन्दै महोतरी रहन गएको भन्ने भनाइ पनि छ | यस जिल्लाको अधिकतम तापक्रम ४० डिग्री सेल्सियस र न्युनतम तापक्रम ५.६ डिग्री सेल्सियस रहेको पाइन्छ |यहाको औषत वर्षा १८४१.१ मि.लि. छ भने औषत सापेक्षिक आद्रता ८७% रहेको पाइन्छ |

२.महोतरी जिल्लाको ऐतिहासिक तथा धार्मिक क्षेत्रहरु :-

जलेश्वरनाथ – महोतरी जिल्लाको सदरमुकाममा अवस्थित जलेश्वर महादेवको मन्दिरमा शिवलिंग,पार्वती र महाविरक मुर्तिहरु स्थापित छन | जलेश्वर महादेवको मन्दिरको स्थापना राजा जनकबाट भएको भन्ने किम्बदन्ती छ | यस मन्दिरको नामबाट नै जलेश्वर नगरपालिकाको नाम जलेश्वर रहन गएको हो |

मटिहानी – महोतरीको सदरमुकाम जलेश्वरबाट करिब ८ कि.मि. पुर्वमा अवस्थित मटिहानी लाई सबैभन्दा पवित्र मानी रामजानकी बिवाहको बेलामा विवाह मण्डप बनाउन माटो लगिएको भन्ने किम्बदन्ती पाइन्छ | माटो खनिएको ठाउमा हाल विशाल पोखरी रहेको छ |यहा सिताराम मन्दिर र साधुसन्त बस्ने पुराना घरहरु रहेका छन |

टुटेश्वर महादेवको मन्दिर – महेन्द्र राजमार्गबाट ६ कि.मि. उतरमा अवस्थित यस मन्दिरलाई नेपालको बाबाधाम पनि भनिन्छ | यस ठाउमा नेपाल र भारतका तीर्थालुहरुको आगमन भइ रहन्छ |यहा साउन महिनाको हरेक सोमबार तीर्थालुहरुको ठुलो घुइचो लाग्दछ | यस मन्दिरको अस्तित्व चार हजार वर्ष पहिले भएको भन्ने अनुमान गरिएको छ | यसै ठाउमा किरातेश्वर महादेवले अर्जुनलाई ज्ञान दिएको भन्ने किम्बदन्ती पाइन्छ |

**२ जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरीको परिचयः**

जिल्लामा विभिन्न स्थानीय तहहरुबाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बद्ध कार्यहरुको अनुगमन गर्ने तथा विभिन्न निकायहरुबीच समन्वय गर्ने उद्देश्यले संविधानको धारा २२० बमोजिम जिल्ला समन्वय समितिहरु गठन स्थापना भएका हो। जिल्ला

CamScanner

समन्वय समितिको काम कारवाहीलाई थप स्पष्ट गर्ने कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत गरेको छ।

### २.१. जिल्ला समन्वय समितिको कार्यालय, महोतरीको काम, कर्तव्य र अधिकारः

क.. जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी संवैधानिक व्यवस्थाः धारा ५६ को उपधारा (१) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था छ। धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। संविधानको धारा २२० को उपधारा (१) मा जिल्ला भित्रका नगरपालिका र गाउँपालिका बीच समन्वय गर्न जिल्लामा एक जिल्ला सभा रहने व्यवस्था छ। उपधारा (३) बमोजिम जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ। उपधारा (७) जिल्ला सभाको काम कर्तव्य र देहाय वमोजिम हुने व्यवस्था छ।

• जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।

• विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।

• जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने ।

• प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

**ख. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला सभा/जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था देहाय बमोजिम गरेको छ।**

• जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।

• जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापन र सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्ग दर्शन दिने ।

• जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसंग समन्वय गर्ने ।

• जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउंपालिका तथा नगरपालिका विच समन्वय गर्ने ।

CamScanner

• जिल्ला भित्रका स्थानीय तहका बिच कुनै विवाद भएमा त्यसको समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने ।

• जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।
• जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।
• जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अनुगमन गरी सन्तुलन कायम गर्नको लागि संघ, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहलाई सुझाव दिने ।

• जिल्ला भित्रको विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउनका लागि वर्षमा कम्तीमा १ पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्य लाई आमन्त्रण गरी सुझाव लिने।
• नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।
• ऐनको दफा ९५ मा जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

## ५.५ जिल्ला समन्वय समितिको संगठन संरचना

| क्र.स. | पद | श्रेणी | सेवा | समुह | द. संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| २ | शाखा अधिकृत | रा.प. तृतिय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ३ | ईन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | सिभिल | १ | |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | सव-ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ | सिभिल | १ | |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | |
| ९ | ह.स.चा. | श्रेणीविहिन | इन्जिनियरिङ | मेकानिकल | २ | |

CamScanner

### ५.६ जिल्ला समन्वय समितिका वर्तमान पदाधिकारीहरुको विवरण

| क्र.स. | नाम | पद | सम्पर्क नं. | |
|---|---|---|---|---|
| १. | श्री सुमन कुमार लाल कर्ण | प्रमुख | ९८५४०३२३३१ | smnkarna@gmail.com |
| २. | श्री नन्दु महरा | उप-प्रमुख | ९८१५८००९४० | |
| ३. | श्री सरयुग यादव | सदस्य | ९८१४८७२१९२ | |
| ४. | श्री रामलखन पंजियार | सदस्य | ९८१९६०१७२४ | |
| ५. | श्री श्याम कुमार तामांग | सदस्य | ९८०८०५६१६७ | |
| ६. | श्री हरी प्रसाद गौतम | सदस्य | ९८१५८०९७८० | Gautamrajan4444@gmail.com |
| ७. | श्री लक्ष्मी कुमारी परियार | सदस्य | ९८०७६०११५४ | |
| ८. | श्री रिता देवी साह | सदस्य | ९८२६८१०६६६ | |

### ५.७ जिल्ला समन्वय समितिको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्रस | पद | श्रेणी/तह | नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.दितीय | शिवहरि पोखरेल | ९८५४०३३२१५ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | | रिक्त |
| ३ | इन्जीनियर | रा.प.तृतीय | | रिक्त |
| ४ | नायव सुब्बा | रा.प.अन.प्रथम | अजय दास | ९८५४०३३०६५ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | राम नरेश पाण्डेय | ९८५४०३१२७४ |
| ६ | सव-इन्जीनियर | रा.प.अन.प्रथम | | |
| ७ | खरिदार | रा.प.अन.दितीय | राम उदेश यादव | ९८६६११२६८५ |
| ८ | स्वकीय सचिव | रा.प.अन.प्रथम | रमेश बुलन | |
| ८ | सवारी चालक | विहिन | यम बहादुर खड्का | सेवा करार |
| ९ | सवारी चालक | विहिन | | रिक्त |
| १० | कार्यालय सहयोगी | विहिन | दिपेन्द्र केवट | सेवा करार |
| ११ | कार्यालय सहयोगी | विहिन | शम्भु कुमार राउत | सेवा करार |
| १२ | कार्यालय सहयोगी | विहिन | संतोष कुमार यादव | सेवा करार |

CamScanner

२.६ निर्णय गर्ने प्रक्रिया र अधिकारी/तह:

- जिल्ला समन्वय समिति
- समन्वय प्रमुख ।
- जिल्ला समन्वय अधाकरी
- शाखा अधिकृत: जिल्ला समन्वय अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

२.७ निर्णय उपर उजुरी सुन्ने अधिकारी:

- जिल्ला समन्वय अधिकारी

२.८ सम्पादन गरेको कामको विवरण: २०८१ माघ १ देखि २०८१ चैत्र मसान्तसम्म

- जिल्ला समन्वय समितिका बैठक सङ्ख्या: ७
- ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ बमोजिमको जिल्ला अनुगमन समितिको बैठक संख्या:
- समितिको तर्फबाट पनि विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धमा पटक पटक अनुगमन भई निर्देशन दिने काम समेत भएको।

२.९ सूचना अधिकारी र प्रमुखको नाम र पद:

क) कार्यालय प्रमुख:

- नाम: शिवहरि पोखरेल
- पद: जिल्ला समन्वय अधिकारी

ख) सूचना अधिकारी:

- नाम: अजय दास
- पद: नायव सुव्वा

CamScanner

२.१० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

- निजामती सेवा ऐन, २०४९ र
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- कर्मचारी समायोजन ऐन, २०७५
- वातावरण संरक्षण ऐन, २०७६
- निजामती सेवा नियमावली, २०५०
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- वातावरण संरक्षण नियमावली, २०७७
- विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधि, २०८०
- स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधी २०८०

...समिति
...उत्तरी, जलेश्वर
मधेश प्रदेश, नेपाल
२०७३